# हरिहरपुरगढी गाउँपालिका

झनझने, सिन्धुली

# आ.व. २०८१/२०८२ को बार्षिक नीति तथा कार्यक्रम

## मिति २०८१ आषाढ १० गते

# हरिहरपुरगढी गाउँपालिकाको १९औ गाउँसभा समक्ष प्रस्तुत
# आ.व. २०८१/२०८२ को बार्षिक नीति तथा कार्यक्रम

हरिहरपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को बार्षिक नीति तथा कार्यक्रम सार्वजनिकिकरण कार्यक्रमका उपस्थित गाउँपालिका उपाध्यक्षज्यू, प्रवक्ताज्यू, वडा अध्यक्ष तथा गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, राजनैतिक, सामाजिक, शैक्षिक क्षेत्रमा क्रियाशील विशिष्ट महानुभावहरु, संचारकर्मीज्यूहरु तथा कर्मचारी मित्रहरु उपस्थित सम्पूर्ण महिला तथा सज्जनबृन्दप्रति यस गरिमामय समारोहमा हार्दिक स्वागत एवं सम्मान व्यक्त गर्न चाहन्छु । मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधिनता, गणतन्त्र, स्वतन्त्रता तथा शान्ति र समृद्धिका लागि जनआन्दोलन, जनयुद्ध लगाएत विभिन्न समयमा भएका राजनैतिक आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात, अज्ञात, वीर शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै वेपत्ता योद्धा, घाईते, अपाङ्ग, सहिद तथा वेपत्ता परिवार प्रति उच्च सम्मान प्रकट गर्दछु ।

**आदरणीय महानुभावहरु,**

१. संघिय गणतन्त्र नेपालको संविधानको व्यवस्था अनुसार जनताहरुसँग साक्षत्कार रहदै जन अपेक्षा अनुरुपका कार्य संचालन गर्ने गरि परिकल्पना गरेको जनताको घर दैलोको सरकार स्थानीय सरकार हो । गाउँपालिकाको आफ्नै दिगो आम्दानीको स्रोत नहुँदा संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त अनुदानको भरमा जनअपेक्षा अनुसारका विकासका कार्यक्रमहरु संचालन गर्न कठिनाईहरु उत्पन्न भईरहेको छ । गाउँपालिकाको दिगो आर्थिक स्रोत भनेको आन्तरिक आय हो । पालिकाको आन्तरिक आय संकलनको अवस्था अत्यन्त कमजोर रहेको छ । आगामी दिनहरुमा आन्तरिक आयका क्षेत्रहरु तथा करका दायरालाई फराकिलो वनाई पालिकाको आर्थिक सवलताको लागि आवस्यक नीतिगत व्यवस्था गरि योजनावद्ध तवरले अगाडी वढनु पर्ने र भएका नीतिगत व्यवस्थाहरुलाई कडाईका साथ लागू गर्नु पर्ने अवस्था रहेको छ । वर्तमान सरकार निर्वाचित भएर आए पश्चात दोस्रो वर्षको नीति कार्यक्रम वजेटवाट गाउँपालिकाको सर्वाङ्गिण विकासका योजना निर्माण र कार्यान्वयनमा सहयोग पर्याउनु हुने सम्पूर्ण जनप्रतिनिधीहरु तथा कर्मचारीहरु, उपभोक्ता समिति, सरोकारवाला सम्वद्ध सम्पूर्ण सरोकारवाला पक्षको महत्वपूर्ण भूमिकाको लागि हृदयदेखि नै धन्यवाद ज्ञापन गर्दछु ।

२. गाउँपालिकाको दिगो विकासका लागि गाउँपालिकाबाट प्रदान हुने सेवा सुविधामा चुस्तता दिदै जनअपेक्षा अनुरुप कार्यसंचालन गरि "**समृद्ध हरिहरपुरगढीको आधार, शिक्षा-कृषि-वन-पर्यटन र पूर्वाधार**" भन्ने नारालाई साकार वनाउने सन्दर्भमा संघ, प्रदेश सरकारका नीति कार्यक्रम, आवधिक योजना, जनप्रतिनिधी तथा सरोकारवालाहरुको सुझाव समेतका आधारमा सवल, आत्मनिर्भर, आर्थिक विकास र प्रविधिमैत्री गाउँपालिका वनाउने अठोटका साथ आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरि रहेको छु ।

३. राज्यको पुर्नसंरचना पछि स्थानीय सरकारलाई अधिकार सम्पन्न बनाउने सन्दर्भमा आवश्यक संस्थागत, नीतिगत तथा कार्यनीतिक असहजताहरुलाई यथोचित व्यवस्थापन गरि उपलव्ध साधन स्रोतको अधिकतम परिचालनवाट अपेक्षित लक्ष्यहरु प्राप्तिका लागि आवस्यक कार्यहरु गरिनेछ ।

४. विश्वव्यापी आर्थिक मन्दीवाट संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको अर्थतन्त्र प्रत्यक्ष प्रभावित हुन पुगेको सन्दर्भमा स्थानीय स्रोत साधनको अधिकतम प्रयोगवाट उत्पादनशील वेरोजगार जनशक्तिलाई उत्पादनमूलक स्वरोजगारका कार्यक्रमहरु मार्फत रोजगारीका अवसरहरु सृजना गर्न सहकारीमा आधारित उत्पादन, व्यवस्थापन र वजारीकरणलाई आगामी आर्थिक वर्ष २०८१/०८२ मा पनि प्रमुखताका साथ अगाडि वढाउन आवस्यक प्रवन्धहरु गरिने नीति लिईएको छ ।

५. करको दायरा विस्तार तथा राजश्व चुहावटलाई नियन्त्रण गरि राजश्व अभिलेख प्रणालीलाई व्यवस्थित गर्न एकिकृत अनलाईन प्रणालीमा आवद्ध गराई राजश्व संकलनको कार्यको शुभारम्भ भएको छ । आगामी आ.व.मा यस कार्यलाई थप सुदृढ र सहज वनाईनेछ । आन्तरिक आय वृद्धि गरि स्थानीय सरकारको वजेटमा आन्तरिक आयको योगदानलाई वृद्धि गर्दै लगिनेछ ।

६. हरिहरपुरगढी गाउँपालिकाभित्रका सम्पूर्ण क्षेत्रमा विद्युत सेवा पुर्याउनको लागि प्रस्ताव गरिएको **"उज्यालो हरिहरपुरगढी कार्यक्रम"**ले करिव ८० प्रतिशत लक्ष्य हांसिल गरि सकेको छ । नेपाल विधुत प्राधिकरणसँग

थप समन्वय गरि आर्थिक वर्ष २०८१/०८२ भित्र शत प्रतिशत विद्युतिकरण कार्य सम्पन्न गर्न आवस्यक सहजिकरण गरिनेछ ।

७. हरिहरपुरगढी गाउँपालिकाका विकट भौगोलिक अवस्थितिमा रहेका वस्तीका जनताहरुलाई गाउँपालिकाको केन्द्रसम्म आवत जावतको सुविधाको लागि हरेक वडा र वस्तीहरुमा निर्माणाधीन अवस्थामा रहेका सडकहरुको निर्माण र स्तरोन्नती गरि वर्षै भरि यातायात संचालन योग्य वनाउन आवस्यक रणनीति वनाई संघीय सरकार तथा प्रदेश सरकारको सहकार्यमा कार्यान्वियन गरिनेछ ।

८. मुख्य मुख्य सडकहरुको मर्मत तथा ग्राभेलका कार्यहरु गाउँपालिकाले आफ्नै साधन र जनशक्ती परिचालन गरि वर्षै भरि सडक मर्मत सम्भारको काम गर्ने व्यवस्था मिलाईनेछ ।

९. दिर्घकालिन प्रभाव पार्ने खालका गाउँ गौरवका आयोजनाहरुको पहिचान गरि विस्तृत आयोजना सर्भेक्षण गरि कार्यक्रम कार्यान्वयनमा सम्वन्धित निकायहरुसँगको समन्वयमा कार्यान्वयन गरिनेछ ।

१०. हरिहरपुरगढी गाउँपालिका वडा नं. ६, ७, ८ क्यानेश्वर तथा पूर्व पश्चिम राजमार्गको कमैंयावाट मोरंङ्गे, राँगेदोभान, तिलवारी, पथराही, केवनचुली, भूताहा हुदै मरिण गाउँपालिकासम्म जोडने सडकलाई वाह्रै महिना संचालन योग्य वनाउन सडक निर्माण र स्तरोन्नतीको कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न संघ/प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

११. हरिहरपुरगढी गाउँपालिका केन्द्रवाट पूर्व पश्चिम राजमार्गको कमैंयासम्म जोडने निर्माणाधिन सडक कालोपत्रे गर्ने कार्यलाई आ.व. २०८१/०८२ मा सम्पन्न गर्न आवस्यक सहजिकरण गरिनेछ ।

१२. मदन भण्डारी राजमार्गको गुर्जी-हरिहरपुरगढी किल्ला सडक, गुर्जी चिसापानी सडक, झ्याडी सेपाहा पेलुंगे सडक, पुरानोगाउँ ढाँडखोला भालुमारा सडक, धुम्मे तित्रिगाछी सडक, पर्ता भित्रिजमुने वोटेनी सडक, पुरानागाउँ सिरुदमार वरुण सडक, चिसापानी हिरिडाँडा सत्रकठ्ठा सर्लाही सडक, पिपलचुरे जरायोटार वरुण सडक, भिमान कौवा राँगेचुरी धिमिले सडकलाई वाह्रै महिना संचालन योग्य वनाउन संघ/प्रदेश र अन्य स्थानीय सरकारसँगको समन्वयमा निर्माण कार्य अगाडि वढाईनेछ ।

१३. गाउँपालिकाको कार्यालय परिसर सुरक्षित वनाउन कार्यालय भवन परिसरको घेरावेराको पुन निर्माण, पालेघर तथा सुरक्षा पोष्टको निर्माण गरिनुका साथै परिसरमा फुलवारी, वगैचा निर्माण गरि सौन्दर्यकृत गरिनेछ ।

१४. गाउँपालिकावाट निर्माण शुरु गरिएका अधुरा तथा क्रमागत योजनाहरुलाई औचित्यता र आवस्यकताका आधारमा प्राथमिकता दिई कार्यान्वयन गरिनेछ ।

१५. गाउँपालिका क्षेत्रभित्रका सडकहरुको मापदण्ड र व्यवस्थापनको लागि गाउँपालिका स्तरीय ग्रामिण यातायात व्यवस्थापन योजना (RTMP) तयार गरि आगामी आ.व.देखि सोही अनुसार सडकहरुको विकास गरिनेछ ।

१६. गाउँपालिका भित्र रहेका विपद जोखिम क्षेत्रहरुको पहिचान गरि कार्यक्रम संचालनको लागि जोखिम संवेदनशील भू-उपयोग योजना तयार गरि लागू गरिनेछ ।

१७. गाउँपालिकाका पूर्वाधारहरुमा स्रोत परिचालन गर्न नगर विकास कोषमा गाउँपालिकाको शेयर स्वामित्व रहने गरी आवस्यक प्रबन्ध मिलाईनेछ ।आगामी आ.व. मा व्यवस्थित शहरीकरणको लागि नगर विकास कोषसँगको साझेदारीमा एकिकृत जग्गा विकासको कार्य अगाडि वढाउन आवस्यक नीतिगत व्यवस्था गरि तथा प्राविधिक सम्भाव्यता अध्ययन गरिनेछ ।

१८. दूरसञ्चार सेवालाई प्रभावकारी बनाउन पालिका परिसर र अन्य आवश्यक स्थानमा टेलिकमको टावर निर्माण गर्न नेपाल टेलिकमसँग समन्वय गरिनेछ।

१९. व्यवस्थित शहरीकरणको अवधारणा लागू गर्न स्थानीय भवन निर्माण संहिता तयार गरिनेछ ।पालिका भित्र निर्माण भएका भवनहरुको अभिलेखिकरण र भवन निर्माण अनुमतिलाई आगामी आ.व. वाट अनिवार्य गर्ने नीति लिईनेछ ।

२०. प्रदेश तथा संघीय सरकारसँगको सहकार्यमा गाउँपालिका भित्र रहेका खरको छाना हटाउने र सुरक्षित नागरिक आवास निर्माण कार्यलाई संघ/प्रदेश सरकारसँगको सहकार्यमा अगाडि वढाईनेछ ।

२१. गाउँपालिका भित्र सम्पूर्ण जनताहरुलाई स्वच्छ पिउने पानीको उपलव्ध गराउन दिर्घकालिन खानेपानी तथा स्वच्छता रणनीति (WASH PLAN) लागू गरिनेछ ।

२२. गाउँपालिका भित्र कार्यक्षेत्र भएका गैर सरकारी संघ संस्थाहरुको लगानीलाई गाउँपालिकाको प्राथमिकता अनुसारका कार्यक्रममा लगानी तथा सहकार्य गर्न अभिप्रेरित गरिनेछ ।

२३. शहिद परिवार सदस्यहरुको निशुल्क स्वास्थ्य विमा र जिविकोपार्जनको लागि आवस्यक सीप तथा शुन्य व्याजदरमा सहुलियत पूर्ण कर्जा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२४. शिक्षा तथा रोजगारीमा द्वन्द्व प्रभावित घाईते, वेपत्ता र शहिद परिवारलाई विशेष प्राथामिकतामा राखी जिविकोपार्जन सुधारका आयमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

२५. सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित वनाउन सूचनामा पहुँच अभिवृद्धि सीप प्रवर्द्धन वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श सम्वन्धी विविध गतिविधी संचालन गरिनेछ ।

२६. वालमैत्री, पोषणमैत्री तथा युवामैत्री गाउँपालिका घोषणाको लागि कार्य योजना वनाई लागू गरिनेछ । वालमैत्री, पोषणमैत्री तथा युवामैत्री वडा वनाउन आवस्यक कार्यक्रम संचालन गरिनेछ ।

२७. वालवालिकाहरुमा हुने शारीरिक तथा मानसिक हिंसा विरुद्ध अभिभावक र विद्यालय स्तरमा कार्यक्रम संचालन गरिनेछ ।

२८. विपन्न दलित, आदिवासी जनजाति, सिमान्तकृत समुदाय, एकल महिला, अपाङ्गता भएका ब्यक्ति बन्चितिकरणमा परेका समुदायका लागि आय आर्जन, क्षमता विकास र सशक्तिकरणका कार्यक्रम संचालन गरिनेछ ।

२९. घरेलु हिंसा, वालविवाह न्यूनिकरण तथा रोकथाम, जातिय विभेद, लैंगिक हिंसा नियन्त्रण तथा रोकथामका लागि सरोकारवाला निकायहरुसँग समन्वय गरी आबश्यक कार्यक्रम संचालन गरिनेछ ।

३०. न्यायमा पहुँच नपुगेका एकल महिला, विपन्न दलित, आदिवासी जनजाति, अपाङ्गता भएका ब्यक्ति बन्चितिकरणमा परेका समुदायका पीडित ब्यक्ति, हिंसा पीडित महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय महिला तथा नागरिकहरुको तर्फबाट कानून व्यवसायीबाट बहस पैरवी गर्ने व्यवस्थाका लागि पीडितलाई न्यायिक समितिको सिफारिशमा निशुल्क कानूनी सहायता कार्यक्रम संचालनको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

३१. वडामा रहेका मेलमिलाप केन्द्रहरुलाई मेलमिलापको प्रक्रियामार्फत विवाद समाधान गरी शान्ति स्थापना गर्ने केन्द्रको रुपमा विकसित गरिनेछ । सूचीकृत मेलमिलापकर्ताहरुलाई आवस्यकता अनुसार उच्च स्तरीय र पुनर्ताजगी तालिम तथा नयाँ मेलमिलापकर्ता तयारीको लागि आवस्यक व्यवस्था गरिनेछ ।

३२. गाउँपालिकाका टोल वस्तीहरुका जनताहरुको संस्थागत नेतृत्व क्षमता विकासको लागि टोल सुधार संस्थाहरुको गठन गरि वडाको सहयोगी एकाईको रुपमा परिचालन गर्ने व्यवस्था गरिनेछ ।

३३. भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीको समस्या समाधानका लागि जग्गा नापजाँचका वाँकी कामहरुलाई सम्पन्न गरि जग्गा धनीपूर्जा वितरणको लागि सम्वन्धित निकायसँग समन्वय गरि अगाडि वढाईनेछ ।

३४. गाउँपालिकाको क्षेत्राधिकार भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको लागि सम्वन्धित निकायहरुसँगको सहकार्य र समन्वयमा व्यवस्थापन गरि संरक्षण गरिनेछ ।

३५. घरमै सुत्केरी गराउने कार्य शुन्य पार्ने कार्यक्रमलाई प्रभावकारी वनाउन गर्भवती सुत्केरीहरुको लागि संचालित निशुल्क एम्वुलेन्स सेवालाई निरन्तरता दिईनेछ ।साथै गर्भवती आमा र वच्चाको सुरक्षाको लागि गर्भजाँच कार्यक्रमलाई थप सहज तथा प्रभावकारी वनाईनेछ ।

३६. जेष्ठ नागरिकहरुलाई आकस्मिक उपचारको लागि स्थानीय स्वास्थ्य संस्थाको सिफारिसमा अस्पतालसम्म लैजानको लागि संचालित निशुल्क एम्वुलेन्स सेवालाई निरन्तरता दिईनेछ ।

३७. जेष्ठ नागरिकहरुको रोग पहिचान र उपचारका लागि घुम्ती स्वास्थ्य शिविर संचालन गरिनेछ ।

३८. प्रत्येक स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य ईकाई मार्फत नेपाल सरकारले तोकेको नि:शुल्क वितरण हुने औषधीहरु वितरणलाई थप व्यवस्थित वनाईनेछ ।

३९. गाउँपालिका भित्र नेपाल सरकारले तोकेको मापदण्ड पूरा नगरी अनाधिकृत रुपमा संचालित औषधी पसलहरुवाट कमसल गुणस्तरका औषधी विक्री हुने, प्रतिवन्धित औषधीहरु विक्रि वितरण हुने गरेको भनी व्यापक गुनासो प्राप्त भएको हुँदा सोको कडाईका साथ निगरानी र व्यवस्थापन गर्नु अपरिहार्य भएको छ । औषधी जस्तो संवेदनशील वस्तुको सुरक्षित भण्डारण र सुलभ विक्रि वितरणको लागि उपयुक्त पूर्वाधार भएका स्वास्थ्य संस्थाहरुमा स्थानीय स्तरवाटै व्यवस्थापन गर्ने गरि सामुदायिक फार्मेसी संचालनको अवधारणा लागू गरिनेछ ।

४०. एमविविएस डाक्टर र ल्याव सेवाको व्यवस्था सहित संचालन भएका स्वास्थ्य चौकीहरुवाट प्रदान भईरहेका सेवाहरुलाई थप प्रभावकारी वनाईनेछ ।

४१. सुरक्षित मातृत्वलाई प्रोत्साहन गर्न स्वास्थ्य केन्द्रमा आई सुत्केरी हुने महिलाहरुको लागि थप रु.१०००।- (एक हजार) प्रोत्साहन भत्ता उपलव्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४२. जेष्ठ नागरिकहरुको औषधी उपचारका लागि वार्षिक रु.३०००।- उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

४३. ५० वर्ष उमेर पूरा भएका विपन्न नागरिकहरु र नियमित गर्भ जाँच गराउने गर्भवती महिलाहरुको निशुल्क स्वास्थ्य विमा कार्यक्रम संचालनको लागि आवस्यक कार्यविधी वनाई कार्यान्वयन गरिनेछ ।

४४. गर्भवती महिलाहरु तथा विद्यालय वाहिर रहेका किशोरीहरुको खाद्य सुरक्षा र पोषणको अवस्थामा सुधार ल्याउन पोषण तथा आयआर्जन सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

४५. १५ शैया अस्पतालको भवन निर्माणको काम यसै आ.व.मा सम्पन्न गराउन सम्वन्धित निकायहरुसँग समन्वय गरिनेछ ।

४६. ऐतिहासिक हरिहरपुरगढी किल्ला, कुण्डपोखरी, लोहासुर पोखरी, जितपुरगढीको संरक्षणका लागि आवस्यक कार्यक्रम संचालनको लागि संस्कृति पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय र पुरातत्व विभागसँग कार्यक्रम कार्यान्वयनका लागि समन्वय गरिनेछ ।

४७. हरिहरपुरगढी ६ कौवाडाँडालाई आन्तरिक पर्यटन क्षेत्रको रुपमा विकास गरि रोजगारीको अवसर सृजना गर्न संघ/प्रदेश/ स्थानीय सरकार/दातृ निकायको सहकार्यमा पूर्वाधार विकासको कार्य अगाडि वढाईनेछ ।

४८. गाउँपालिका भित्र रहेका मठ, मन्दिर, गुम्बा लगायत सार्वजनिक सम्पत्तिको अभिलेखिकरण गरी संरक्षणको व्यवस्था मिलाईनेछ।

४९. हरिहरपुरगढी गाउँपालिकाको अति कमजोर शैक्षिक पूर्वाधार भएका विद्यालयको भौतिक सुदृढीकरणको कार्यक्रम अन्तरगत संघीय सरकारसँगको समन्वयमा भवन निर्माणको कार्यक्रम संचालन गरिनेछ ।

५०. हरिहरपुरगढी गाउँपालिकाको कमजोर शैक्षिक अवस्थालाई सुधार गर्न पालिका भित्र नमूनाको रुपमा संचालित २ वटा आवासिय विद्यालयको संचालन अनुदानलाई निरन्तरता दिईनेछ ।

५१. गाउँपालिका भित्र आवस्यक पूर्वाधार भएका विद्यालयहरुमा प्रयोगात्मक तथा स्वरोजगारमूलक शैक्षिक प्रणालीको थालनी गर्न विद्यालय तह देखि नै "पढदै कमाउदै" जस्ता सृजनात्मक कार्यको थालनीका लागि कार्यक्रम संचालन गरिनेछ ।

५२. वालविकास, विद्यालय कर्मचारी र सामुदायिक अध्ययन केन्द्रका परिचालिकाहरुको पारिश्रमिकमा अपुग रकम थप गरि न्यूनतम पारिश्रमिक उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

५३. गाउँपालिकाको शैक्षिक सुधारका लागि संचालन गरिएको विद्यालय शिक्षक अनुदान कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

५४. विद्यालयमा विद्यार्थीको पहुँचलाई सहज र सुरक्षित वनाउन आ.व. २०८१/०८२ मा थप विद्यालयमा स्कुल वस संचालनको लागि समन्वय गरिनेछ ।

५५. विद्यालय दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिईनेछ । "दिवा खाजामा हरिहरपुरगढी कै वाली, एक विद्यालय एक करेसा बारी" अभियान संचालन गरि स्थानीय उत्पादनलाई नै दिवा खाजाको परिकारको रुपमा प्रयोग गर्न कार्यनिती तयार गरि लागू गरिनेछ ।

५६. विद्यालयहरुको नक्साङकनका आधारमा विद्यार्थी संख्या कम भएका विद्यालयहरुलाई एकिकरण गर्ने नीति लिईनेछ ।

५७. कक्षा ८ देखि कक्षा १० सम्म विषयगत शिक्षण सिकाईलाई प्रभावकारी वनाउनको लागि अतिरिक्त कक्षा संचालनको व्यवस्था गरिनेछ ।

५८. आवस्यकताका आधारमा विद्यालयको शिक्षक सरुवा, दरवन्दी मिलान र नक्साङ्कन कार्य गरिनेछ ।

५९. कक्षा ८ र १० मा उत्कृष्ट नतिजा ल्याउने विद्यालय तथा विषयगत शिक्षकलाई पुरस्कृत तथा सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

६०. उच्च शिक्षा तथा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ती उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

६१. कक्षा ८ र कक्षा १० मा उत्कृष्ट नतिजा हासिल गर्ने ३—३ जना छात्र छात्राहरुलाई पुरस्कृत गर्ने व्यवस्थालाई निरन्तरता दिईएको छ ।

६२. सामुदायिक विद्यालयमा छात्राहरुको पठनपाठनलाई असहज हुन नदिन नि:शुल्क सेनिटरी प्याड वितरणलाई निरन्तरता दिईनेछ ।

६३. विद्यालयमा पठन पाठनका अतिरिक्त कला, साहित्य, संगीत, नृत्य, खेलकुद तथा सृजनात्मक कला जस्ता विद्यार्थीहरुमा रहेका प्रतिभा पहिचानका लागि कार्यक्रम संचालन गरिनेछ ।

६४. आधारभुत तह देखि नै खेलकुदको विकासका लागि विद्यालय खेलकुद पूर्वाधार निर्माणलाई प्राथमिकता दिईनेछ । जसका लागि प्रदेश सरकार तथा संघीय सरकारसँग साझेदारी गरिनेछ ।

६५. विद्यालय तहको खेलकुद विकासको लागि विषयगत खेलकुद कार्यक्रम संचालनको व्यवस्था गरिनेछ ।

६६. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारमा समुदायलाई नै सहभागी र जिम्मेवार वनाउन "सामुदायिक विद्यालय समुदायले नै सुधारौं" भन्ने अभियान संचालन गरिनेछ ।

६७. सामुदायिक विद्यालयको शैक्षिक सुधारको लागि गाउँपालिकाका पदाधिकारी, स्थानीय शिक्षक, स्थानीय कर्मचारीहरुका वालवालिकाहरु अनिवार्य रुपमा सामुदायिक विद्यालयमा पठन पाठन गराउन आवस्यक नीतिगत व्यवस्था गरिनेछ ।

६८. “एक पालिका, एक क्याम्पसको अवधारणा” अनुसार पालिकामा सीपयुक्त जनशक्ति उत्पादनमा टेवा पुरयाउने क्याम्पस स्थापनाको लागि पहल गरिनेछ ।

६९. समाजमा बेरोजगार अवस्थामा रहेका युवा समूहलाई पेशा प्रति उत्प्रेरित वनाउन युवा सशक्तिकरणमा आधारित कार्यक्रमहरु संचालन गरिनेछ ।

७०. हरिहरपुरगढीको ऐतिहासिक महत्वलाई उजागर गरी प्रचार, प्रसार गर्न र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ तयार भएको हरिहरपुरगढीको वृहत गुरुयोजना अनुसार कार्य अगाडि वढाउनको लागि पुरातत्व विभाग र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

७१. गाउँपालिकाले प्रस्ताव गरिएको “एक परिवार, एक रोजगार” कार्यक्रमलाई प्रभावकारी वनाउन प्रधानमन्त्री रोजगार कार्यक्रम, अध्यक्ष उधमशीलता विकास कार्यक्रम, गृहिणी महिला सशक्तिकरण कार्यक्रम, व्यवसायिक कृषि पशुपालन कार्यक्रमलाई समन्वयात्मक रुपमा कार्य संचालन योजना वनाई रोजगारीको अवसर सृजना गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७२. गरिबी न्यूनीकरणका लागि आन्तरिक रोजगारी सृजना एवं रोजगारीको क्षेत्र विस्तार गरी रोजगारीको अवसरमा वृद्धि गर्न सरोकारवाला निकाय निजी क्षेत्र, सहकारी संस्था तथा गैर सरकारी क्षेत्रहरुसँग समन्वय र सहकार्यमा जोड दिईनेछ ।

७३. रोजगारीका अवसरमा वृद्धि गर्नका लागि गाउँपालिकामा संचालन हुने विकास निर्माणका काममा सूचिकृत वेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिन नीतिगत अभ्यास गरिनेछ।

७४. वैदेशिक रोजगारबाट फर्किएका युवाहरुको लागि सीप र दक्षता अनुसारको आन्तरिक रोजगारीका क्षेत्र पहिचान गरि रोजगारी तथा स्वरोजगारको लागि उत्प्रेरित गरिनुका साथै तालिमको अवसरहरु प्रदान गरिने छ ।

७५. सुचिकृत वेरोजगारलाई विभिन्न किसिमको सीपमूलक तालिम प्रदान गरी उद्यमी तथा स्वरोजगार बनाउन संघ तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

७६. श्रम स्वीकृती र पुन श्रम स्वीकृती सम्वन्धी सेवा गाउँपालिकाको रोजगार सेवा केन्द्रबाटै उपलव्ध गराउने कार्यलाई थप व्यवस्थित गरिनेछ।

७७. कृषि पेशा गाउँपालिकावासीहरुको आर्थिक विकासको एक महत्वपूर्ण साधन हो । परम्परादेखि गरिँदै आएको कृषि प्रणालीलाई आधुनिक प्रविधी मैत्री र व्यवसायिक वनाई कृषि क्षेत्रको आधुनिकीकरण र सहकारीमा आधारित खेतीलाई प्रोत्साहन गरिनेछ ।

७८. व्यवसायिक कृषी तथा पशुपालनलाई प्रोत्साहित गरि उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउन "कृषि र पशुपालनको प्रवर्द्धन, घर घरमै अनुदान कार्यक्रम" मार्फत विउ विजन, उपकरण र विमाका लागि शत प्रतिशत अनुदान उपलव्ध गराउने व्यवस्था गरिनेछ ।

७९. "हरिहरपुरगढीको शान, परिश्रमी किसान" भन्ने मूल नाराका साथ मरिण, वागमती र क्यानखोला किनारमा व्यवसायिक तरकारी तथा फलफूल खेतीमा आधारित रोजगारमूलक कार्यक्रमलाई थप व्यवस्थित गरि संचालन गरिनेछ ।

८०. सामुदायिक वन, वन डिभिजनसँगको सहकार्यमा तामा वाँस रोपनलाई प्रवर्द्धन तथा तामाको परिकार उत्पादनलाई व्यवसायिककरण गरिनेछ ।

८१. प्रदेश वन तथा वातावरण मन्त्रालय, वन डिभिजन, सामुदायिक वन सँगको सहकार्यमा श्रीपुर जंगल क्षेत्रलाई आन्तरिक तथा वाह्य पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

८२. गाउँपालिका भित्र उत्पादन भएका कृषि उपजहरुको थोक तथा खुद्रा विक्रीको लागि श्रीपुर वजारलाई कृषि वजारको रुपमा व्यवस्थित गर्न आ.व. २०८१/०८२ मा संघ/प्रदेश सरकारसँगको समन्वयमा आवस्यक पूर्वाधार विकास कार्यको थालनी गरिनेछ ।

८३. गाउँ कार्यपालिका कार्यालय परिसरको जग्गामा रहेको फलफूल वगैचा तथा खाली क्षेत्रको प्रयोगलाई प्रतिफलमूखी वनाउन नीजि क्षेत्रसँगको सहकार्यमा करारमा वगैचा व्यवस्थापन गर्न आवस्यक नीतिगत व्यवस्था गरि लागू गरिनेछ ।

८४. तरकारी तथा फलफूलहरुको सुरक्षित भण्डारणको लागि पालिका परिसरमा निर्माण भएको कोल्ड स्टोरलाई सहकारी संस्थाको व्यवस्थापनमा संचालनमा ल्याईनेछ साथै अन्य वडाहरुमा कोल्ड स्टोर निर्माणको सम्भाव्यता पहिचान गरिनेछ । माटोको गुणस्तर सुधारको लागि "स्वस्थ माटो, स्वच्छ बाली अभियान" अन्तर्गत निशुल्क माटो जाँचको घुम्ती शिविर संचालन गरि माटोको उत्पादनशील क्षमता सुधारका लागि हरियो मल, प्रांगारिक तथा जैविक मल उत्पादन तथा प्रयोगलाई प्रोत्साहन र प्रवर्द्धन गरिनेछ । पशुको स्वास्थ्य उपचार प्रयोजनार्थ गाउँपालिकामा रोग परिक्षणको लागि डिस्पेन्सरी ल्याव निर्माण सम्पन्न गरि संचालन गरिनेछ ।

८५. बाख्रा पकेट कार्यक्रमलाई थप विस्तार गरिनेछ ।

८६. पशुहरुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान सेवा आ.व. २०८१/०८२ वाट पालिकाको केन्द्र र क्यानेश्वरवाट संचालनमा ल्याईनेछ ।

८७. वडा नं. ६,७,८ को कृषि र पशु सेवालाई थप व्यवस्थित र गुणस्तरीय सेवा प्रवाहको लागि प्रत्यके वडामा एक सेवा केन्द्रको स्थापना गरि संचालन गरिनेछ ।

८८. दुग्धजन्य पशुपालन मार्फत रोजगारीको सृजना गर्ने उद्देश्यले शुरु गरिएको पशुपालन कार्यक्रमलाई आ.व. २०८१/०८२ मा थप विस्तार गरिनेछ । सो कार्यमा उत्प्रेरित गर्न स्थानीय कच्चा पदार्थको उपयोग गरि स्थानीय सरकार, सहकारी संस्था, नीजि क्षेत्र, कृषकहरुको सहभागितामा सार्वजनिक नीजि साझेदारीको अवधारणा अन्तर्गत गाउँपालिकामै पशुपंछी दाना उत्पादन उद्योग स्थापनाको लागि आवस्यक समन्वय गरिनेछ ।

८९. उत्कृष्ट कार्य गर्ने कृषकहरुलाई प्रोत्साहन गर्नको निम्ति कृषक “प्रोत्साहन कार्यक्रम” अन्तर्गत उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

९०. दुध उत्पादनमा बृद्धि गर्न "एक घर, एक दुहुना पशुपालन" अभियान संचालन गरिनेछ ।

९१. व्यवसायिक कृषकहरुलाई प्रोत्साहन गर्ने उद्धेश्यले आ.व. २०८१/८२ वाट उत्पादनमा आधारित अनुदान प्रणाली लागू गरिनेछ ।

९२. मानिसबाट पशुमा र पशुबाट मानिसमा सर्ने विभिन्न किसिमका जुनोटिक रोग सम्बन्धि जनचेतना अभिवृद्धि गरिने खालका कार्यक्रमहरू सन्चालन गरिनेछ। उन्नत जातको पशुहरूको उत्पादकत्व वृद्धि गर्न नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिदैं लगिनेछ।

९३. घाँसमा आधारित पशुपालनमा जोड दिदैं पशुपालन क्षेत्रको उत्पादकत्व वृद्धि गर्न उन्नत जातको घाँसको बिउ वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

९४. पशुहरूमा देखा पर्ने विभिन्न रोगहरूलाइ न्यूनिकरण गर्दै स्वस्थ पशु उत्पादनमा वृद्धि गर्न निशुल्क पशु खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९५. पशुपंक्षीको उपचार सेवालाई व्यवस्थित बनाउन गाउँपालिका स्तरिय भेटेरिनरी ल्यावको स्थापना गरिने छ। पशु उपचार सेवालाई कृषकको माझ पुर्याउन निशुल्क पशु स्वास्थ्य शिविर कार्यक्रम सन्चालन गरिनेछ।

९६. संघ/प्रदेश/स्थानीय सरकारको सहकार्यमा वडा नं. ७ को क्वाटर र वडा नं. २ को झनझनेमा कृषि उपज संकलन केन्द्र स्थापना गरिनेछ ।साथै दुध, तरकारी र फलफुल ढुवानीको लागि खरिद भएको डेलिभरी भ्यानको व्यवस्थित तरिकाले परिचालन गर्ने व्यवस्था गरिनेछ ।

९७. गाउँपालिका भित्रका हजारौ हजार विगाह कृषि योग्य भूमीमा लिफ्ट सिंचाई सुविधा उपलव्ध गराई कृषि पेशालाई व्यवसायिककरण गर्न संघीय सरकार तथा प्रदेश सरकारको सहकार्यमा सिंचाई पूर्वाधार निर्माणको कार्यक्रमहरु संचालन गरिनेछ । वागमति नदि किनार तथा मरिण किनारवाट विद्युत करिडोर निर्माण गर्न आवस्यक पहल गरिनेछ ।

९८. वडा नं. १, ३, ५ र ६ का उच्च भौगोलिक अवस्थिती भएका क्षेत्रहरुमा चिउरी खेती तथा मौरीपालन कार्यक्रम र वडा नं. ३ मा रेशम खेती कार्यक्रम संचालन गरिनेछ ।

९९. कृषिलाई व्यवसायिक वनाउने उद्देश्यले प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसँगको साझेदारीमा संचालित नवप्रवर्द्धन साझेदारी कोषको कार्यक्रम अन्तरगत संचालित कार्यक्रमलाई थप परिमार्जन गरि कार्यक्रमहरु संचालनको व्यवस्था गरिनेछ ।

१००.युवा स्वरोजगार कोषको रकमलाई सहकारी संस्थाहरु मार्फत युवाहरुको रोजगारी सृजना, विपन्न समुदायको आर्थिक संमृद्धिसँग सम्वन्धित आय आर्जन तथा गरिवी न्यूनिकरण कार्यक्रम संचालनको लागि सहुलियतपूर्ण कर्जा थप प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाईने छ।

१०१.कृषि र पशुपालनलाई नवप्रवर्द्धनकारी योजना मार्फत थप व्यवस्थित र व्यवसायिक वनाउन विभिन्न निकायहरुसँग साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

१०२.कृषि क्षेत्र उत्पादनमूखी उपयोगका लागि खेती योग्य जमिन वाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गरि उत्पादन र रोजगारी वृद्धि गर्ने उद्देश्यले करार खेतीको प्रवर्द्धन तथा वाँझो जमिन राख्नेको लगत संकलन गरि थप कर लगाउन आवस्यक कार्यविधी तयार गरि लागू गरिनेछ ।

१०३.कृषि सहकारीहरुको मागको आधारमा ५०% अनुदानमा कृषि औजारहरु वितरण गरिनेछ ।

१०४.गाउँपालिका परिसरमा रहेको वगैचा र नमूना तरकारी प्रदर्शनी क्षेत्रमा सिंचाईको उचित व्यवस्थाको लागि मरिण खोलावाट लिफ्ट प्रणालीमा आधारित सिंचाई पूर्वाधार निर्माण कार्यक्रम सम्पन्न गरिनेछ ।

१०५."आर्थिक समृद्धिको आधार, लघु उद्यम मार्फत रोजगार" भन्ने मुल नाराका साथ स्थानीय स्रोत र साधनको समुचित प्रयोग मार्फत स्थानीय उत्पादनलाई अभिवृद्धि गरि रोजगारी सृजना गर्न "अध्यक्ष लघु उधमशीलता विकास कार्यक्रम"लाई निरन्तरता दिईनेछ । गाउँपालिकामा व्यवस्थित आवास योजना तथा वजार व्यवस्थापनको लागि सरोकारवाला निकायसँग आवस्यक सहकार्य गरि आवास तथा वजार क्षेत्र पहिचानको लागि पहल गरिनेछ ।

१०६.गाउँपालिकामा व्यवस्थित आवास योजना तथा वजार व्यवस्थापनको लागि सरोकारवाला निकायसँग आवस्यक सहकार्य गरि आवास तथा वजार क्षेत्र पहिचानको लागि लागि पहल गरिनेछ ।

१०७.यस गाउँपालिकाका अधिकांश क्षेत्रहरु नदि तथा वन क्षेत्रसँग जोडिएको हुँदा यहाँका वस्तीहरु प्रकोपको जोखिमवाट सुरक्षित गर्न आवस्यक प्रकोप जोखिम न्यूनिकरण रणनिती तयार गरि लागू गरिनेछ ।

१०८.सामुदायिक वन समूहहरुको नियमन र व्यवस्थापनको लागि आवस्यक नीतिगत व्यवस्था गरिनेछ ।

१०९.सरफाईमा गाउँपालिका क्षेत्रमा गठित टोल विकास संस्था, सहकारी, समुदायको भुमिकालाई प्रभावकारी बनाईनेछ ।

११०.वातावरणमैत्री स्थानीय शासन कार्यान्वयनको लागि हरेक वडामा कम्तीमा एउटा सार्वजनिक क्षेत्रलाई खुल्ला क्षेत्रको रुपमा राखी हरियाली सहितको मनोरञ्जन पार्क निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

१११.गाउँपालिका क्षेत्र भित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मूल्याङकन र बायो इन्जिनियरिङ्ग प्रविधि अवलम्वन गरिनेछ ।

११२.वातावरण संरक्षणमा समेत योगदान दिने, आयआर्जन एवं हरियालीका माध्ययमवाट वातावरणीय सुधार गर्नुका साथै गाउँपालिकाको आर्थिक अवस्थामा सवलीकरणका लागि गाउँपालिका परिसरमा स्थापना गरिएको

फलफूलको वगैचालाई थप व्यवस्थित गर्नुको साथै अन्य सार्वजनिक जग्गाहरुको पहिचान गरि सामूहिक फलफूल खेतीको विकास गर्ने नीति लिईनेछ ।

११३.विपद व्यवस्थापन कोषको परिचालनलाई प्रभावकारी वनाईनेछ ।

११४.सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय वनाउन विधुतिय शासनमैत्री वनाउन एकिकृत अनलाईन प्रणालीलाई कार्यान्वयमा ल्याई प्रशासनिक कार्य सरलिकृत गरिनेछ ।

११५.गाउँपालिकाका वडा नं. ६, ७ र ८ का जनताहरुलाई प्रशासनिक सहजताको लागि स्थापना गरिएको प्रशासनिक ईकाइ सेवा प्रवाहलाई थप प्रभावकारी वनाईनेछ ।

११६.गाउँ कार्यापालिकाको कार्यालय तथा सवै वडा कार्यालयहरुमा विधुतिय वडापत्रको ब्यवस्थापन गरिनेछ ।

११७.पालिकाका गतिविधीहरुलाई स्थानीय रेडियो, पत्रपत्रिका, सामाजिक संजाल मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ । स्थानीय रेडियो कार्यक्रमलाई व्यवस्थित गर्नको लागि पालिकमै स्थापना भएको रेडियो स्टुडियो कक्षलाई कार्यक्रम उत्पादन प्रसारणमा अधिकतम प्रयोग गर्न दक्ष जनशक्तिको व्यवस्था गरिनेछ ।

११८.गाउँपालिकामा आवस्यक रिक्त दरवन्दीहरुमा पदपूर्तिका लागि प्रदेश सरकार तथा प्रदेश लोक सेवा समक्ष आवस्यक पहल गरिनेछ ।

११९.पालिकावाट गरिने सेवालाई अझ वढी जनउत्तरदायी पारदर्शी र जवाफदेही वनाई भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ ।

१२०.नियमित रुपमा एकिकृत घुम्ती सेवा र सार्वजनिक सुनुवाई संचालन गरिनेछ ।

१२१.सेवा प्रवाहको गुणस्तरियता अभिवृद्धि गर्न सेवाग्राहीवाट सेवा प्रवाहको सर्भेक्षण गरिनेछ ।

१२२.नागरिकको परिचय खुल्ने गरि अभिलेख राख्ने तथा व्यक्तिगत घटना दर्तालाई विधुतीय व्यवस्थापन सूचना प्रणालीमार्फत अभिलेखिकरण गरिनेछ ।

१२३.अनलाईन घटना दर्ता प्रणालीलाई पूर्ण रुपमा लागू गराउने सम्वन्धी राष्ट्रिय लक्ष्य हांसिल गर्न वडा तहमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

१२४.सामाजिक सुरक्षा भत्ता वितरणलाई सहज वनाउन सम्वन्धित वैकहरुसँग समन्वय गरि नगद भुक्तानी शिविर मार्फत भुक्तानीको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१२५.पालिकावाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, निष्पक्ष, पारदर्शी र सेवाग्राहीमैत्री वनाउन कर्मचारीहरुसँग नतिजामूखी कार्यसम्पादन सम्झौता प्रणाली लागू गरिनेछ ।

१२६.सार्वजनिक खरिदलाई मर्यादित , व्यवस्थित, पारदर्शी तथा प्रतिस्पर्धात्मक माध्यमवाट खरिद व्यवस्थापन गरिनेछ ।

१२७.पालिका कार्यालयमा सेवाग्राहीको लागि सहायता कक्ष, निशुल्क फोटोकपी र सेवाग्राहीमैत्री प्रतिक्षालयको व्यवस्था गरिनेछ ।

१२८.अध्ययन संस्कृतिको विकास गर्न गाउँपालिका कार्यालय हातामा व्यवस्थित तथा प्रविधिमैत्री पुस्तकालय स्थापना गरिनेछ ।

१२९.युवाहरुलाई सार्वजनिक सेवा प्रति आर्कषण वढाउन लोक सेवा शिक्षक सेवा तयारी कक्षा संचालन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१३०.कर्मचारीको क्षमता अभिवृद्धिको लागि विभिन्न विषयगत तालिमको व्यवस्था गरिनेछ ।

१३१.निर्वाचित जनप्रतिनिधिको क्षमता अभिवृद्धिको लागि नेतृत्व विकास तथा अभिमूखीकरण कार्यक्रम संचालन गरिनेछ ।

१३२.उत्कृष्ट कार्य गर्ने गाउँपालिकाका शिक्षक, कर्मचारी, उपभोक्ता समिति आदिलाई पुरस्कृत तथा सम्मानित गर्ने पद्दतीलाई निरन्तरता दिईनेछ ।

१३३.कार्यालयबाट सम्पादन हुने सेवा प्रवाहमा खेलेको भुमिकाको आधारमा कर्मचारीहरुको जिम्मेवारीमा आवश्यकता अनुसार हेरफेर गरी सेवाग्राही प्रति उत्तरदायी बनाउन आवश्यक नीति लिइनेछ ।

१३४.कर्मचारीहरुलाई नतिजामूखी तथा नविनतम सोचका साथ कार्य दक्षतामा प्रोत्साहित, जिम्मेवार वनाउन प्रोत्साहन भत्ता, क्षमता विकास तालिम कार्यक्रम संचालन गरि कर्मचारीमैत्री कार्यस्थलको वातावरण वनाईनेछ ।

१३५.गाउँपालिकाको आन्तरिक आयलाई अभिवृद्धि गर्न "करदाता शिक्षा कार्यक्रम" जस्ता कार्यक्रमहरु टोल स्तरमा संचालन गरिनेछ ।

१३६.समग्र आर्थिक प्रशासन (बजेट, लेखा व्यवस्थापन, लेखापरीक्षण) लाई सवल, सक्षम, मितव्ययी, प्रभावकारी उत्तरदायि र नतिजामुखी तुल्याउन आवश्यक प्रयासहरु गरिनेछ ।

१३७.राजष्व संकलनको व्यवस्था एकिकृत अनलाईन प्रणालीमार्फत गरिनेछ ।साथै राजश्व चुहावट नियन्त्रण, राजश्वका क्षेत्रहरुको पहिचानको लागि अध्ययन गरिनेछ ।

१३८.स्थानीय सरकारको मुख्य राजश्व र आयका क्षेत्रहरु भनेको एकिकृत सम्पत्ति कर, निकासी कर, प्राकृतिक स्रोतको उत्खननमा लाग्ने करहरु हुन् । यी क्षेत्रवाट संकलन हुने कर अत्यन्त न्यून रहदै आएको छ तसर्थ यसलाई कडाईका साथ लागू गर्दै राजश्व संकलनमा वृद्धि ल्याउन आ.व. २०८१/०८२ मा आवस्यक नीतिगत सुधारहरु गरि लागू गरिनेछ ।

१३९.आन्तरिक श्रोत तर्फ सम्बन्धित वडाबाट सम्पत्ति कर, भूमिकर र मालपोत रजिष्ट्रेशनवाट प्राप्त रकमबाट उपयुक्त आयोजनाहरु छनौट गरी खर्च गर्ने ब्यवस्था मिलाइने छ ।

१४०.मालपोत रजिष्ट्रेशन सम्वन्धी कागजातहरुको सुरक्षाको लागि आवस्यक वजेटको व्यवस्था गरिनेछ ।

आदरणीय उपस्थित महानुभावहरुः

हाम्रो पालिका विकासको गतिमा भर्खर वामे सर्दै गरेको अवस्थामा रहेको छ ।आवस्यकताहरु असीमित छन् तर परिपूर्तिको साधन सिमित छ ।असीमित आवस्यकताको वीच नीति तथा योजना तयार गर्नु मात्र महत्वपूर्ण होईन, लक्षित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन अनुगमन एवं मूल्याङकनको पाटो अझ महत्वपूर्ण हुन्छ। नीति कार्यक्रमले पूर्वाधारमा सुधार, उत्पादन र उत्पादकत्वमा वृद्धि गरि रोजगारीका अवसरहरु सृजना, सामाजिक न्याय सहितको आर्थिक समृद्धि प्रासिको दिशामा महत्वपूर्ण प्रस्थान विन्दुको रुपमा कार्य प्रारम्भ हुने विश्वास लिएको छु । उपरोक्त नीति तथा कार्यक्रम अनुसारको बजेट निर्माणमा सम्पूर्ण जनप्रतिनिधी, विषयगत समितिहरु, पालिकावासीहरु एवं सरोकारवाला सबै पक्षहरुबाट सहयोग, सल्लाह, सुझाव एंव सिर्जनात्मक आलोचना र पृष्ठपोषण प्राप्त हुने विश्वास लिएको छु ।

अन्त्यमा, गाउँपालिकाको विकासमा अमूल्य सहयोग गर्नु हुने राजनैतिक दल, विषयगत शाखाहरु, गैर सरकारी, सामुदायिक संघसंस्था, उद्यमी, समाजसेवी, शिक्षक, बुद्धिजिवी, संचारकर्मी, सामुदायिक क्षेत्र, कर्मचारीहरुको उच्चस्तरीय समन्वय, सहकार्य र सहभागिता प्रति हार्दिक आभार प्रकट गर्दछु ।

**धन्यवाद ! नमस्कार !**

**वज्रध्वज वाईवा**
**अध्यक्ष**